# दांग जिल्ला दैबीप्रकोप उद्दार समितिको मिति २०७४.०६.३० मा भयको बैठकको निर्णय

निर्णय नं. १ :

गत श्रावण महिनाको २७ गते यस जिल्लामा परेको अबिरल बर्षातबाट भौतिक रुपमा भएको क्षतिको बिवरण सम्वन्धित कार्यालय/क्षेत्रगत निकायहरुबाट अध्ययन भै पेश हुन आएकोले मिति २०७४।०५।१२ गते अन्तर क्षेत्रगत निकाय समन्वय बैठकबाट निर्णय भएको क्षतिलाई संशोधन सहित र थप कार्यालयबाट पेश हुन आएका क्षतिको बिवरण तपसिल बमोजिमको रहेकोले सम्वन्धित निकायमा सिफारिस सहित आवश्यक रकम माग गर्ने निर्णय गरियो । साथै छुट हुन आएका भौतिक क्षतिको बिवरण आउनेक्रम रहेकोले प्राप्त बिवरणलाई छानविन गरि सोही अनुसार सिफारिस गरि पठाउने समेत निर्णय गरियो ।

तपसिल

| क्र.स. | कार्यालय | माग भएको रकम | कैफियत |
|---|---|---|---|
| १ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,दाङ | ४,७०,२६,९८२.८२ | |
| २ | जिल्ला वन कार्यालय, दाङ | १८,५०,०००.०० | |
| ३ | जिल्ला भु-संरक्षण कार्यालय, दाङ | ३१,३८,००,०००.०० | |
| ४ | जिल्ला शिक्षा कार्यालय, दाङ | १,६५,१६,६७६.७३ | |
| ५ | प्रगन्ना बढकापथ सिंचाई व्यवस्थापन डिभिजन,दाङ | ३२,५७,५०,०००.०० | |
| ६ | जिल्ला प्राबिधिक कार्यालय, दाङ | १३,७७,००,०००.०० | |
| ७ | जिल्ला समन्वय समिति,दाङ | २,१५,५५,००,०००.०० | |
| ८ | जनताको तटबन्ध, दाङ | २५,८०,००,०००.०० | |
| ९ | सिंचाई डिभिजन कार्यालय, दाङ | ८,७६,००,०००.०० | |
| १० | डिभिजन सडक कार्यालय, दाङ | ४३,४०,००,०००.०० | |
| ११ | जलउत्पन्न प्रकोप व्यवस्थापन कार्यालय, दाङ | ४६,१६,९९,२८१.०९ | |
| १२ | जिल्ला कृषि बिकास कार्यालय, दाङ | ९,७७,२१,३०५.०० | |
| १३ | जिल्ला पशुसेवा कार्यालय, दाङ | ४१,१६,६००.०० | |
| | कुल जम्मा | ४,३४,१२,८०,८४५.६४ | |

निर्णय नं. २ :

गत श्रावण महिनामा आएको अबिरल बर्षातबाट प्रभावित भै घर पुर्ण रुपमा क्षती भएका मध्ये २६१(दुई सय एकसठ्ठी) घरधुरीलाई प्रति घरधुरी रु.१०,०००।०० (दश हजार) का दरले र सोहि घरपरिवारका १२१८ जना सदस्यहरुलाई खाद्यान्न वापत प्रति ब्यक्ति १ महिनाको रु.२,१००।००(दुई हजार एकसय) का दरले र बाढीका कारण मृत्यु भएका ७ जनालाई प्रति ब्यक्ति दुई लाखका दरले गरि जम्मा रु.६५,६७,८००।०० (पैसठ्ठी लाख सत्सठ्ठी हजार आठ सय) जिल्ला प्रशासन कार्यालय दाङबाट बितरण गरिएको राहत रकम र दैबिप्रकोपको बिभिन्न मितिमा बैठक बस्दा चिया नास्ता खर्च र बाढी ग्रस्त क्षेत्रमा पटक पटक राहत बितरणमा जाँदा भएको बिविध खर्च एकमुष्ठ रु.४०,२५०( चालिस हजार दुईसय पचाँस) खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ :

गत श्रावण महिनामा आएको अबिरल बर्षातबाट यस दाङ जिल्लामा तपसिल बमोजिमका स्थानिय तहका बासिन्दा घर पुर्ण क्षति भएकालाई पूननिर्माण तथा पुन स्थापना र आंशिक क्षति भएका घरलाई मर्मत सम्भार गरि पूनस्थापना गर्न सम्वन्धित निकायमा सिफरिस गर्ने निर्णय गरिएको । साथै निजि आवास तर्फको बिषय-क्षेत्रगत बिस्तृत लेखाजोखा सर्बेक्षण(CSDA) शहरी बिकास तथा भवन निर्माण डिभिजन कार्यालयबाट भईरहेकोले प्राप्त बिवरणलाई छानविन गरि सोही अनुसार सिफारिस गरि पठाउने समेत निर्णय गरियो ।

तपसिल

| क्र.स. | स्थानिय तह | पूर्ण क्षति | आंशिक क्षति | कैफियत |
|---|---|---|---|---|
| १. | घोराही उमनपा | २७ | ४६ | |
| २. | तुलसीपुर उमनपा | १३१ | ८५ | |
| ३. | लमही नगरपालीका | २५ | ३४ | |
| ४. | दंगिशरण गाउपालीका | ६८ | २७ | |
| ५. | बवई गाउपालीका | ४९ | २३ | |
| ६. | राजपुर गाउपालीका | ३० | २८ | |
| ७. | शान्तिनगर गाउपालीका | २९ | ३९ | |
| | कुल जम्मा | ३५९ | २८२ | |

निर्णय नं. ४ :

गृह मन्त्रालय राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द्रको च.नं.७० मिति २०७४।०५।२६ गतेको पत्रानुसार बिपद ब्यवस्थापनका लागी ७ वटै प्रदेशमा बिपद्को समयमा आबश्यक पर्ने सामाग्री( खाद्य तथा गैह खाद्य) को प्रर्याप्त भण्डारण गर्न ५ नं प्रदेशको लमहीमा नयाँ गोदाम घर निर्माण गर्न मिति ०७४।०५।२३ गतेको मन्त्रीस्तरिय निर्णय भएको र मिति २०७४।५।२५ गतेको सचिब स्तरिय निर्णय अनुसार १ बिगाहा जग्गाको पहिचान गरी सो संग सम्वन्धित आबश्यक कागजात उपलब्ध गराउनका लेखी आएकोले लमही नगरपालीका,मालपोत कार्यालय लमही, नापी कार्यालय लमही, नगर बिकास समिति लमहीबाट खोजबिन गरी लमही नगरपालीका वार्ड नं ६ मा पर्ने कर्री सामुदायीक वन उपभोक्ता समुह क्षेत्र भित्र पर्ने खाली चउर बिपद ब्यवस्थापन पूर्ब तयारीका लागी आबश्यक सामाग्री भण्डारण गर्न उपयुक्त छ भनि सिफारिस भई आएको र सोही ब्यहोरा गृह मन्त्रालयमा सिफारिस समेत गरिएकोले अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ :

गत श्रावण महिनामा आएको अबिरल बर्षातको समयमा भौतिक तथा मानविय सेवा कार्यका लागी खोज उद्धार, राहत लगायतका कार्यमा नेपाली सेना,नेपाल प्रहरी,शसस्त्र प्रहरी वल,राष्ट्रिय अनुसन्धान, सरकारी कार्यालय, स्थानिय तह, निजामति कर्मचारी, नागरिक समाज,राजनितिक दलहरु,पत्रकार, संचारकर्मी, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र,संयूक्त राष्ट्रसंघिय निकाय लगायत तपसिल बमोजिमका संघसंस्था तथा ब्यक्तिमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | निकायहरु | कैफियत |
|---|---|---|
| १) | नेपाल रेडक्रस सोसाइटी | खाद्यय तथा गैह्खाद्यय सामाग्री सहयोग |
| २) | UNFPA | |
| ३) | UNICEF | |
| ४) | कारितास नेपाल, सिसा नेपाल | |
| संघसंस्था तथा ब्यक्तिबाट प्राप्त रकम | | नगद सहयोग |
| ५) | भ्यालीटप ई. वोर्डिङ्ग स्कुल | ११,१११.०० |
| ६) | तुलसीपुर संवाद समुह | १०,११५.०० |
| ७) | पतञ्जली योग समिति | १८,८१५.०० |
| ८) | शिवा शर्मा | १,००,०००.०० |
| ९) | शरद पोखरेल | १,५९,३३१.०० |
| १०) | टाउन प्लान बिकास संस्था | १०,९५५.०० |
| ११) | दिक्षा डिसी | ३,००५.०० |
| | जम्मा | ३,१३,३३२.०० |